# अध्यक्ष डा. बद्री केसीको यूके भ्रमण- संक्षिप्त जानकारी

२७ अगष्ट - ०२ सेप्टेम्बर २०२४



डा. बद्री केसी
अध्यक्ष, गैरआवासीय नेपाली संघ

## अध्यक्ष डा बद्री केसीको यूके भ्रमण संक्षिप्त जानकारी

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अध्यक्ष डा. बद्री केसीको हालै सम्पन्न यूके भ्रमण अत्यन्तै सफल र फलदायी भएको छ । यसपटकको भ्रमणलाई विशेष महत्व दिइएको थियो, विशेषत: गैरआवासीय नेपाली संघको ११औं अन्तर्राष्ट्रिय महाधिवेशनबाट निर्वाचित डा. केसी नेतृत्वको कार्यसमितिले सर्वोच्च अदालतको आदेशअनुसार काम शुरु गरेपछि गरिएको यो पहिलो भ्रमण थियो ।

## स्वागत समारोह




२७ अगष्ट २०२४ मा यूके पुग्नुभएको अध्यक्ष केसीलाई राष्ट्रिय समन्वय परिषद् यूकेको समन्वयमा अल्डरशटमा बाजागाजासहित भव्य स्वागत गरिएको थियो ।

## १५ औं नेपाली मेलामा सम्बोधन

अध्यक्ष डा. केसीले लण्डनस्थित केम्प्टनपार्कमा आयोजित १५ औं नेपाली मेलामा सम्बोधन गर्दै, गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयनमा भएका समस्याबारे चर्चा गर्नुभयो। आगामी अक्टोबर महिनाभित्र नागरिकता पूर्ण रूपमा कार्यान्वयनमा आउने दाबी गर्नुभयो । यस्तै उहाँले बेलायतमा रहेका भूपू गोर्खाका हक र हितका लागि गैरआवासीय नेपाली संघले हालसम्म गरिरहेको कामको जानकारी दिनुभयो ।



## सार्वजनिक सुनुवाई तथा अन्तरक्रिया कार्यक्रम

## सम्पत्ति सरक्षा र कानूनी स्पष्टता

गैरआवासीय नेपाली संघ यूकेद्वारा अल्डरशटमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा सम्बोधन गर्दै, अध्यक्ष डा. केसीले गैरआवासीय नेपालीहरूको सम्पत्ति सुरक्षामा जोड दिनुभयो । डा. केसीले गैरआवासीय नेपालीहरूको सम्पत्ति अधिकार सुनिश्चित गर्ने स्पष्ट कानूनी व्यवस्था नभएकोमा चिन्ता व्यक्त गर्नुभयो । अल्डरशटमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा उहाँले नेपालमा आफ्नो सम्पत्ति सुरक्षित राख्नका लागि कानूनी सुनिश्चितता आवश्यक रहेको बताउनुभयो । उहाँले गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयनले सम्पत्तिको सुरक्षा गर्ने दाबी गरे पनि कानूनी समस्याहरूको समाधान गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

भ्रमणका अवसरमा अध्यक्ष डा केसी गैरआवासीय नेपाली संघको गोर्खा टास्क्फोर्सद्धारा अल्डर शटमा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागी हुनुभयो । नेपालको गण्डकी प्रदेश सांसद डिल्लीराम सुवेदी लगायत एनआरएनए अन्य पदाधिकारीलाई उहाँले सम्बोधन गर्नुभयो । उहाँले गैरआवासीय नेपाली नागरिकता, भूपू गोर्खा लगायतका विषयमा आफ्नो धारणा राख्नुभयो ।



यस्तै अध्यक्ष डा. केसीले गैरआवासीय नेपाली संघ यूरोप क्षेत्रले लेष्टरमा आयोजना गरेको एनआरएनएको आधार, नागरिकता र सम्पत्तिको अधिकार विषयक अन्तरक्रिया कार्यक्रममा पनि भाग लिनुभयो। उहाँले नेपाल सरकारसँग नागरिकताको पूर्ण कार्यान्वयनका लागि निरन्तर संवादमा रहेको उल्लेख गर्नुभयो ।

अध्यक्ष डा. केसीले स्कटल्यान्डमा आयोजित कार्यक्रमका क्रममा नेपाली भेषभूषा र संस्कृतिको प्रवर्द् धनमा जोड दिनुभयो । एनआरएनए स्कटल्याण्डले दुई बुँदे ज्ञापनपत्र बुझाउँदै नागरिकताको निरन्तरता, विधान संशोधन, र नेपालमा लगानीका विषयमा सुझावहरू प्रस्तुत गरेको छ ।





## नेपालमा लगानीको आह्वान

डा. केसीले विदेशमा बसोबास गर्ने नेपालीहरूलाई नेपालमा लगानी गर्न आह्वान गर्नुभयो । लिभरपुल नेपाली समाज यूकेद्वारा आयोजित कार्यक्रममा उहाँले नेपालमा लगानी गर्दा देशको समृद्धिमा योगदान पुग्ने बताउनुभएको छ ।

बेलायतमा रहँदा अध्यक्ष डा केसी बेलायतस्थित नेपालब्रिटेन अनलाइनको १७ औँ वार्षिकोत्सवलाई पनि सम्बेधन गर्नुभएको छ । कार्यक्रममा उहाँले नेपालको समृद्धिमा जोडिन गैरआवासीय नेपालीहरूलाई आह्वान गर्दै आफ्नो आम्दानीको कम्तीमा १० प्रतिशत लगानी नेपालमा लैजान आग्रह गर्दै विदेशमा सिकेको ज्ञान, सीप र लगानी नेपालमा लैजानुपर्ने विचार व्यक्त गर्नुभयो ।




लन्डन, मिडल्यान्ड, स्कटल्यान्ड, लिभरपुल हुँदै डा. केसीले डार्टफोर्डमा पुगेर एनआरएनएको विवाद, नागरिकता र सम्पत्तिको अधिकार, लगानीका अवसर लगायत विषयमा प्रवासी नेपालीमा रहेका जिज्ञासा र प्रश्नको सम्बोधन गर्नुभयो । डार्टफोर्डको एक बौद्धिक समाजले आयोजना गरेको अर्न्तत्रियामा अध्यक्ष डा केसीले सरकारले गैरआवासीय नागरिकता दिएपछि एकपटकको नेपाली सधैंका लागि नेपाली भन्ने मान्यता स्थापित हुने कुरा बताउनुभयो ।





## भूपू गोर्खा अधिकार र आन्दोलन

डा. केसीले बेलायतमा रहेका भूपू गोर्खा सेनाले समान पेन्सन र अधिकारको लागि गरेको आन्दोलनको समर्थन जनाउनुभएको छ । उहाँले भूपू गोर्खाहरूको माग सम्बोधन गर्न मन्त्रीस्तरीय वार्ता हुनुपर्नेमा जोड दियो । अध्यक्ष केसीले बेलायतमा रहेका भूपू गोर्खाका हक र हितका लागि गैरआवासीय नेपाली संघले उठाउँदै आएको आवाजलाई पुनः पुष्टि गर्दै, समान पेन्सन र अधिकारको आन्दोलन लाई बेलायत र नेपालका प्रधानमन्त्रीबीच प्रत्यक्ष वार्तामार्फत समाधान गर्नको लागि आग्रह गर्नुभयो ।





## नेपाली दूतावासमा भेट एवं बेलायती सांसदसंग छलफल

बेलायत भ्रमणका क्रममा अध्यक्ष डा केसीले त्यहाँस्थित नेपाल दूतावासमा विशेष भेटवार्ता गर्नुभयो । यसका साथै भ्रमणकै क्रममा अध्यक्ष डा. केसीले बेलायती सांसद क्यामरन थोमस र काउन्सिलर ग्राहम बकिङसँग ग्लोस्टशायरमा नेपाली डायस्पोराको विषयमा छलफल गर्नुभएको छ । उहाँले बेलायतमा नेपाली समुदायको समस्या, गोर्खाहरूले उठाउँदै आएको समान पेन्सन र अधिकारको आन्दोलन लगायत नेपाल र बेलायतबीचको ऐतिहासिक सम्बन्धका विषयमा सहयोगका लागि आग्रह गर्नुभयो ।



सांसद क्यामरन थोमसले नेपाल र बेलायतबीचको ऐतिहासिक सम्बन्धको चर्चा गर्दै नेपालीहरूले बेलायती सेनामा भर्ना भएर गरेको योगदानको प्रशंसा गर्नुभयो । भेटमा सांसद थोमसले गैरआवासीय नेपाली संघसँग सहकार्य गरेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । यस्तै उहाँले नेपाली समुदायका समस्याहरु सुनेर समाधानका उपायहरूबारे छलफल गर्नुभयो । साथै, यूकेका विभिन्न सरोकारवाला अधिकारीहरूसँग पनि भेटघाट गरी गैरआवासीय नेपालीहरूको हकहितका लागि आवश्यक कदमहरूबारे जानकारी गराउनुभयो ।



## एनआरएनएका आगामी योजनाहरू

डा. केसीले गैरआवासीय नेपाली संघको सहयोगमा नेपालमै सबैभन्दा ठूलो लगानी कम्पनी सञ्चालनमा ल्याउने तयारीमा रहेको उल्लेख गर्नुभयो । यसका लागि एनआरएनए डेभलप्मेन्ट फण्डको स्थापना अन्तिम चरणमा पुगेको जानकारी अध्यक्ष डा केसीले गराउनुभयो । यो कम्पनी नेपालकै ठूलो र पारदर्शी कम्पनी हुने उहाँको दावी थियो ।

## उपाध्यक्ष एवं सचिवको टिप्पणी

कार्यक्रममा संघका उपाध्यक्ष डा. हेमराज शर्माले संस्था ठूलो हुँदै गएपछि सबै पक्षलाई एकसाथ राख्न असम्भव हुने उल्लेख गर्नुभयो । अर्का उपाध्यक्ष रामशरण सिम्खडाले गैरआवासीय नेपाली संघको कार्यसमितिलाई ओझेलमा पार्ने प्रयासलाई सर्वोच्च अदालतको हालैको फैसलाले असफल पारिदिएको बताउनुभयो । यस्तै महिला उपाध्यक्ष रोजिना प्रधान राईले संघले लामो समयदेखि उठान गरेका मुद्दाहरू क्रमशः सम्बोधन हुँदै गएको भन्दै सबै एकबद्ध भएर नेपाल र नेपालीको लागि काम गर्नुपर्नेमा जोड दिनुभयो । यस्तै महिला सचिव टीका गुरूङले संस्थालाई थप सशक्त बनाउन सबै गैरआवासीय नेपाली मिलेर अघि बढ्नुपर्ने बताउनुभयो ।

## निष्कर्ष

यस भ्रमणको क्रममा, गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसीले नेपाली कला, संस्कृति, र परम्परालाई प्रवर्द्धन गर्ने विभिन्न कार्यक्रमहरूमा पनि सहभागिता जनाउनुभयो । उहाँले नेपाली समुदायलाई एकताबद्ध रहन र आफ्नो पहिचानलाई जोगाउन आग्रह गर्नुभयो ।

विभिन्न कार्यक्रममा उपस्थित भई गैरआवासीय नेपालीहरूको अधिकार, सम्पत्ति सुरक्षा, र नेपालमा लगानीको विषयमा व्यापक छलफल गर्नुभयो । उहाँले आफ्नो अभियानमा निरन्तरता दिने र नेपाल र विदेशस्थित नेपाली समुदाय बीचको सम्बन्धलाई मजबुत बनाउने प्रयास जारी राख्ने उल्लेख गर्नुभयो । अध्यक्ष डा. बद्री केसीको यूके भ्रमणले गैरआवासीय नेपाली संघको भूमिका र महत्वलाई अझ सशक्त बनाएको छ। बेलायतस्थित नेपाली समुदायले उहाँको भ्रमणलाई उच्च मूल्यांकन गरेको छ। यस भ्रमणको सफलतासँगै, अध्यक्ष डा. केसीले आगामी भ्रमणको तयारी गर्न थालेका छन्।

अर्को चरणमा, अध्यक्ष डा. केसी एनसीसी अष्ट्रेलियाको भ्रमणमा जानुहुनेछ, जसको तयारी पूर्ण रूपमा भएको छ ।

गैरआवासीय नेपाली संघ
बालुवाटार, काठमाडौं
info@nrna.org www.nrna.org
@NRNAofficial